

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

Saturday 19 October 2019

राजधानी
- पत्रिका नियमित नआएमा
- ठेगाना परिवर्तन भएमा
- नवीकरण गर्नु परेमा
- ग्राहक बन्नु परेमा

बितरण सम्पर्क: ०१-५५४६३००

उमेर पुगेपछि जसको पनि प्रेम भइहाल्छ नि १२ | एनआरएनएको अध्यक्षमा पन्त ५ | जाग्यो बारपाक ९


# सुनकोशी - ३ जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मुल्यांकनका लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धि सार्वजनिक सूचना

**प्रकाशित मिति २०७६/०७/०२**

**प्रस्तावकको नाम :** नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभाग, सुनकोशी-३ जलविद्युत आयोजना।

**प्रस्तावको व्यहोरा :** प्रदेश न. ३ को सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, रामेछाप र सिन्धुली जिल्लाको सिमाना भएर बग्ने सुनकोशी नदीमा रामेछाप जिल्लाको खाँडादेवी गाउँपालिका वडा नं. १ र काभ्रेपलान्चोक जिल्लाको तिमाल गाउँपालिका वडा नं. ९ को सिमाना लुभुघाटमा करिब ४८४ मि. लामो र १६६ मि. उचाईको बाँध (Dam) निर्माण गरी ५७० घनमीटर प्रति सेकेन्ड पानीलाई १.१ कि.मि. लामो र ९ मि. व्यास (Diameter) भएको सुरुङ्गबाट काभ्रेपलान्चोक जिल्लाको तिमाल गाउँपालिका वडा नं. ९ लुभुघाट नजिक निर्माण गरिने विद्युतगृहमा लगि लगभग ५३६ मेगावाट विद्युत उत्पादन पश्चात सो पानीलाई टेलरेस द्वारा पुनः सुनकोशी नदीमा खसालिनेछ। प्रस्तावित जलविद्युत आयोजना जलाशय (Storage) किसिमको हुनेछ।

**आयोजनाले प्रभाव पर्नसक्ने जिल्ला, नगरपालिका, गाउँपालिका तथा वडाहरु :**

| जिल्ला | नगरपालिका/गाउँपालिका | वडा नं | प्रस्तावित संरचनाहरु |
|---|---|---|---|
| १. सिन्धुपाल्चोक | १. सुनकोशी गाउँपालिका | १, ३, ४ | डुबान क्षेत्र |
| | २. बलेफी गाउँपालिका | ५ | डुबान क्षेत्र |
| | ३. चौतारा साँगाचोक गढी नगरपालिका | ९, १०, ११, १२, १४ | डुबान क्षेत्र |
| | ४. ईन्द्रावती गाउँपालिका | १०, ११, १२ | डुबान क्षेत्र |
| | ५. मेलम्ची नगरपालिका | १३ | डुबान क्षेत्र |
| २. काभ्रेपलान्चोक | १. मण्डन देउपुर नगरपालिका | ७, ९, १०, १२ | डुबान क्षेत्र |
| | २. पाँचखाल नगरपालिका | १३, ८ | डुबान क्षेत्र |
| | ३. भूम्लु गाउँपालिका | १, ६, ७, ८, ९, १० | डुबान क्षेत्र |
| | ४. चौरी देउराली गाउँपालिका | ६, ७, ८ | डुबान क्षेत्र |
| | ५. तिमाल गाउँपालिका | १, २, ३, ४, ६, ७, ९ | बाँध, विद्युतगृह र डुबान क्षेत्र |
| ३. रामेछाप | १. खाडादेवी गाउँपालिका | १ | बाँध र डुबान क्षेत्र |
| | २. सुनापाती गाउँपालिका | १, ४, ५ | डुबान क्षेत्र |
| ४. सिन्धुली | १. सुनकोशी गाउँपालिका | १, २, ३, ४, ५, | डुबान क्षेत्र |

वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ को नियम ४ (१), अनुसूची - २ बमोजिम आयोजना कार्यान्वयन गर्नु अघि वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयार गरी वन तथा वातावरण मन्त्रालय बाट स्वीकृत गराउनुपर्ने भएको छ। उक्त प्रतिवेदन तयारीको क्रममा क्षेत्र निर्धारण (Scoping) गर्नुपर्ने भएकोले वातावरणीय प्रभाव मूल्यांकन गर्दा हेर्नुपर्ने भौतिक, जैविक तथा सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित सवालहरुका बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनुपर्ने भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त प्रस्ताव कार्यान्वयनबाट प्रभाव पर्नसक्ने नगरपालिका, गाउँपालिका, तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संघसंस्थाहरुले यो सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी आ-आफ्नो राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ।

**राय सुझाव पठाउन सकिने ठेगाना**

| प्रस्तावक | परामर्शदाता | सम्बन्धित मन्त्रालय |
|---|---|---|
| विद्युत विकास विभाग,<br>सुनकोशी - ३ जलविद्युत आयोजना,<br>सानोगौचरन, काठमाण्डौ।<br>फोन नं.: ०१४४८०३२६, ०१४४७९२४७<br>फ्याक्स नं.: ०१-४४८०२५७ | JV of SIDRI Co.Ltd. & ERMC Pvt. Ltd.<br>नयाँ वानेश्वर, काठमाण्डौ।<br>फोन नं. ०१-४४८३०६४,<br>०१-४४६५८६३<br>फ्याक्स नं. ०१-४४७९३६१ | उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, सिंहदरबार,<br>काठमाण्डौ तथा वन<br>तथा वातावरण मन्त्रालय,<br>सिंहदरबार, काठमाण्डौ। |